(नगर कार्यपालिकाको मिति २०७५ आषाढ १ गतेको बैठकबाट पारित)

## १ नीति तथा कार्यक्रम

१. नेपालको संविधान २०७२ जारी भएपछि वि.सं. २०७४ सालमा सम्पन्न भएको स्थानीय तहको निर्वाचनबाट निर्वाचित भई स्थानीय तहको सरकारको रुपमा जिम्मेबारी सम्हालेको एक वर्ष पुरा गरी दोश्रो वर्षमा प्रवेश गर्ने संघारमा छौ । नेपालको संविधानको भाग १३ (स्थानीय कार्यपालिका) अन्तर्गत धारा २१४ को स्थानीय तहको कार्यकारिणी अधिकार तथा भाग १९ (स्थानीय आर्थिक कार्यप्रणाली) अन्तर्गत धारा २३० को गाउँपालिका र नगरपालिकाको राजश्व र व्ययको अनुमान सम्बन्धी व्यवस्था तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम आगामी आर्थिक वर्ष २०७५/०७६ को नगरपालिको वजेट तथा कार्यक्रम समेतलाई दिशानिर्देश गर्न गोदावरी नगरपालिकाको नीति तथा कार्यक्रम यस गरिमामय नगरसभा समक्ष पेश गर्न पाउँदा गौरवको अनुभुति गरेकोछु ।

२. नेपाली जनताको पटक पटकको संघर्ष र विभिन्न आन्दोलनबाट मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ । संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिको आन्दोलनका विभिन्न कालखण्डमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै घाइते, अपाङ्ग, वेपत्ता नागरिकप्रति उच्च सम्मान र आदर प्रकट गर्दछु ।

३. हालै सम्पन्न तीनै तहको निर्वाचनबाट राजनीतिक स्थायीत्व कायम भई मुलुक अब आर्थिक समृद्धि र विकासको दिशामा अगाडी बढेको छ । यस अवसरको सदुपयोग गर्दै हाम्रो नगरपालिकामा रहेका कृषि, बन, धार्मिक तथा पर्यटकीय सम्भावना, प्राकृतिक श्रोत साधन र जनशक्तिलाई उचित परिचालन एवं व्यवस्थापन गरि नगरको समृद्धि र विकासको ढोका खोलिने छ भन्नेमा म विश्वस्त छु ।

४. चालु आर्थिक वर्ष २०७४/०७५ का लागि प्रथम नगरसभाबाट स्वीकृत नीति, योजना र वजेट हाल कार्यान्वयनको चरणमा रहेको छ । निर्वाचित जनप्रतिनिधीको रुपमा पदमा वहाल हुनासाथ हतार हतारमा तयार गरी पेश गरिएको नीति, योजना र वजेट कार्यान्वयनको हालसम्मको अवस्थाको मूल्याङ्कन र समिक्षा गर्दा उपलब्धीहरु सन्तोषजनक नै देखिन्छ । प्रथम नगरसभाबाट पारित नीति, योजना र वजेट कार्यान्वयनको अनुभव र सिकाईबाट नगरको दीगो र सन्तुलित विकासका लागि ठोस र योजनाबद्ध रुपमा अगाडी वढ्ने पृष्ठपोषण र प्रेरणा मिलेको छ ।

५. आ.व. ०७५/०७६ का लागि नगरपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गर्दा चालु आर्थिक वर्ष २०७४/०७५ को नीति तथा कार्यक्रमलाई समेत मध्यनजर गर्दै संघीय सरकारबाट प्राप्त वजेट सिलिङ्ग र मार्गदर्शन, प्रदेश सरकारको नीति, योजना र कार्यक्रम, संविधानको अनुसुची-७ (संघ र प्रदेशको साझा अधिकारको सुची), अनुसुची-८ (स्थानीय तहको अधिकारको सुची) र स्थानीय सरकार संचालन ऐन, २०७४ लाई ध्यानमा राखिएको छ । यसैगरी, नेपालले प्रतिवद्धता गरेको सन् २०३० सम्म पुरा गर्नुपर्ने दिगो विकासको लक्ष, सन् २०२२ सम्म नेपाललाई विकासशील राष्ट्र बनाउने लक्ष, चौधौ आवधिक योजना र अन्तर्राष्ट्रिय स्तरमा नेपालले व्यक्त गरेको विषयगत क्षेत्रका प्रतिबद्धताका अनुरुप नतिजा प्राप्तीमा सहयोग पुर्‍याउने गरी कार्यगर्न यस नगरपालिका प्रतिबद्ध रहने छ ।

६. ७ नं. प्रदेशको राजधानीको रुपमा प्रस्तावित यस नगरपालिकाको अत्तरिया बजार क्षेत्रलाई स्मार्ट शहरको रुपमा विकास गर्न सोही खालका भौतिक पूर्वाधार विकासमा जोड दिइनेछ । साथै यस नगरपालिकालाई आर्थिक विकासको केन्द्रको रुपमा समेत विकास गर्न रोजगारी सिर्जना गर्ने खालका साना तथा लघु उद्यम, व्यावसायिक कृषि, पर्यटन  पूर्वाधार विकासमा जोड दिइनेछ ।

७. विकासमा जनताको सहभागीता, अपनत्व र स्वामित्व कायम हुनेगरी आर्थिक विकास र गरिवी निवारणमा योगदान पुग्ने, उत्पादनमुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने खालका योजनाहरु कार्यान्वयनमा जोड दिइनेछ । साथै लगानीमैत्री बातावरण सिर्जना गरी सार्वजनिक नीजि साझेदारी अवधारणालाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

८. नगरपालिकाले लिएका नीतिहरुको प्रभावकारी कार्यान्वयन, नगरपालिकाको सम्पतीको सुरक्षा र संरक्षण लगायतका कार्यका लागि नगरप्रहरी सेवा गठन गरी प्रभावकारी रुपमा परिचालन गरिनेछ ।
९. नगरपालिकाको आन्तरिक श्रोत परिचालनलाई दीगो र प्रभावकारी बनाउन, स्रोत साधन परिचालनमा आत्मनिर्भर बनाउदै लैजान करको दायरा बढाइनुका साथै करका दरहरुलाई समसायिक र बैज्ञानिक बनाइनेछ । राजश्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा, संसोधन, परिमार्जन लगायत राजश्व प्रशासन सुधारका लागि विज्ञहरुको परामर्श सेवा लिइनेछ ।
१०. ऐलानी प्रति जग्गाको लगत लिई अभिलेखीकरण गरिनेछ । साथै त्यस्ता सरकारी जमीनलाई कानुनको दायरामा ल्याउन पहल गरिनेछ । सरकारी जमीनमा बनेका घर टहराहरुलाई स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम बहाल विटौरी करको दायरामा ल्याइनेछ । हाल नगरपालिका कार्यालय अगाडीको बनक्षेत्रको जग्गाको भोगाधिकार लिई त्यसमा व्यावसायिक प्रयोजनका लागि घर, टहरा निर्माणमा पहल गरिनेछ ।
११. नगरपालिका भित्र रहेका सहकारी संस्थाहरुको नियमन र प्रभावकारीताका लागि सहकारी सम्बन्धी ऐन, नियम, नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । सहकारी संस्थाहरुमा रहेको शेयर सदस्यको पूजीलाई सदुपयोग गरी सदस्यहरुको आर्थिक, सामाजिक विकासमा योगदान दिने खालका कार्यक्रम संचालन गर्न प्रोत्साहित गरिनेछ ।
१२. नगरपालिका र वडा कार्यालयबाट प्रवाह गरिने सेवालाई चुस्त, दुरुस्त बनाउन संस्थागत सुधार गरिनेछ । सेवा प्रवाहको अवस्था र कार्यबोझका आधारमा संगठन तथा व्यवस्थापन सर्बेक्षण गरि दक्ष जनशक्तिको व्यवस्था मिलाइनेछ । निर्वाचित पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकासमा जोड दिइनेछ । कर्मचारीको कार्यसम्पादनको आधारमा दण्ड र पुरस्कृत गरिनेछ । वडा कार्यालय तथा नगरपालिका कार्यालय भवन निर्माण गरी आफ्नै भवनबाट सहज र सरल सेवा प्रवाहको व्यवस्था मिलाइनेछ ।
१३. जनताप्रति जबाफदेही र उत्तरदायि सेवा प्रवाहका लागि भ्रष्टाचार विरुद्ध सून्य सहनशीलताको नीति लिइनेछ । नगरपालिकाको काम कारबाहीलाई सरल, सहज, सुविधायुक्त र सेवाग्राहीमैत्री बनाई सेवा प्रवाहलाई चुस्त, दुरुस्त, पारदर्शी र सुशासनयुक्त बनाइनेछ । सेवा प्रवाहमा सुचना र प्रविधिको प्रयोगमा जोड दिइनेछ ।
१४. नगरपालिकाले लिएका नीति, योजना, वजेट तथा कार्यक्रम र तिनको कार्यान्वयनको अवस्थाको बारेमा जनताले प्रत्यक्ष तथा परोक्ष रुपमा जानकारी पाउने र सुसुचित हुने गरी प्रवन्ध मिलाइनेछ ।
१५. नगरपालिका क्षेत्र भित्रका सम्भाव्य प्राकृतिक श्रोत र साधन, धार्मिक, पर्यटकीय स्थलको पहिचान गरि त्यसको अभिलेख राखिनेछ । बातावरणीय प्रभाव परिक्षण गरेरमात्र प्राकृतिक श्रोत साधनको उत्खनन र उपयोग गरिनेछ । साथै विकास आयोजना तथा परियोजनाहरुको छनौट गर्दा उपलब्ध प्राकृतिक श्रोत साधनको दिगो उपयोग र बातावरणीय पक्षलाई ध्यानमा राखिनेछ ।
१६. विकास आयोजनाहरुको गुणस्तरीयता र दिगोपनाका लागि निश्चित सुचक र मापदण्ड तयार गरी अनुगमन तथा मूल्याङ्कन गर्ने पद्धतिको विकास गरिनेछ । निर्माण सम्पन्न सबै प्रकारका भौतिक पूर्वाधारहरुको इन्भेन्टरी तयार गरी मर्मत सम्भार कार्यलाई प्राथमिकतामा राखिनेछ ।
१७. सुरक्षित बसोबास र व्यवस्थित शहर निर्माणका लागि राष्ट्रिय भवन संहिता तथा मापदण्ड, २०७२ को पुर्ण पालना गरिनेछ । सडक यातायात गुरुयोजनालाई अद्यावधिक गरी सोही आधारमा सडकको स्तरोन्नती र सुधार गर्दै लगिनेछ । घरनक्सा पास सम्बन्धी कार्यलाई थप व्यवस्थित र सहज बनाउन भवन निर्माण तथा नक्सापास सम्बन्धी कार्यविधि बनाई कार्यान्वयनमा ल्याइनेछ ।
१८. नगर शिक्षा ऐन तथा नियमावली तर्जुमा गरी आधारभुत र माध्यामिक शिक्षालाई नियमन गरिनेछ । शिक्षाको गुणस्तर सुधारका लागि शिक्षा ऐन तथा नियमको प्रभावकारी कार्यान्वयन गरिनेछ । आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका गरिव र जेहन्दार बालबालिकाहरु र फरक क्षमताका बालबालिकाको शिक्षाका लागि विशेष छात्रबृतिको व्यवस्था गरिनेछ ।
१९. बालबचाउ, बालसंरक्षण, बालविकास र बालसहभागीता जस्ता बालअधिकारका विषयमा कार्यक्रमहरु बनाई कार्यान्वयन गरिनेछ ।
२०. प्राविधिक एवं व्यवसायिक शिक्षाको माध्यमबाट युवाहरुलाई स्वदेशमै रोजगारको अवसर सिर्जना गर्न पहल गरिनेछ ।

२१. युवा तथा खेलकुद लक्षित कार्यक्रमहरु संचालन गरी युवाहरुलाई समाज विकासको काममा परिचालन गरिनेछ । साथै खेलकुद पूर्वाधार विकासमा जोड दिइनेछ ।

२२. स्थानीय भाषा, साहित्य, संस्कृति, कलाको संरक्षण र विकासका लागि कार्यक्रमहरु संचालन गरिनेछ ।

२३. आधारभुत स्वास्थ्य सेवामा पहुँच र सुनिश्चितताका लागि नगरभित्रका सरकारी स्वास्थ्य संस्थाहरुले दिदै आएको सेवालाई थप प्रभावकारी बनाइ सेवाको गुणस्तरीयतामा जोड दिइनेछ । गर्भवती तथा सुत्केरी महिलाहरुको स्वास्थ्य जाँचलाई अनिवार्य गरिनेछ । मालाखेती अस्पताललाई गोदावरी नगर अस्पतालको रुपमा विकास गर्न आवश्यक पहल गरिनेछ । एक वडा एक सरकारी स्वास्थ्य संस्थाको नीति लिइनेछ । स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका जनताका लागि विशेषज्ञ डाक्टर सहितको घुम्तीसेवा मार्फत सेवा दिइनुका साथै स्वास्थ्य शिक्षा, पोषण सम्बन्धी चेतनामुलक र प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरिनेछ । निश्चित सुचक र मापदण्ड बनाई निजी अस्पताल, क्लिनिकहरुको नियमन गरिनेछ ।

२४. सामाजिक स्वास्थ्य विमा कार्यक्रममा सबै घरपरिवारलाई समेटन पहल गरिनेछ । सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई थप प्रभावकारी र व्यवस्थित बनाइनेछ ।

२५. नगर क्षेत्रभित्रबाट निस्कने फोहरमैलाको संकलन, पुन उपयोग, प्रशोधन र विसर्जनका लागि सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार काम अगाडी बढाइनेछ । फोहरमैला व्यवस्थापनका लागि व्यवस्थित फोहरमैला व्यवस्थापन केन्द्र निर्माणको कामलाई अगाडी बढाइनेछ । फोहरमैला व्यवस्थापन कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाउन फोहरमैला सेवा सुल्क निर्धारण गरी असुल गरिनेछ ।

२६. अव्यवस्थित र सडक अतिक्रमण गरी बसेका घर, टहरा, छाप्राहरु हटाई शहरलाई व्यवस्थित, बातावरणमैत्री र हरित शहरको रुपमा विकास गरिनेछ । अत्तरिया बसपार्कको जग्गाको भोगाधिकार लिई क्षेत्रिय बसपार्कको रुपमा विकास गर्नेगरी विस्तृत परियोजना प्रतिवेदन (DPR) पूर्वाधार विकास गर्दै लगिनेछ । स्थानीय व्यापार प्रबर्द्धन, हाटवजार व्यवस्थापन लगायतका कार्यमा स्थानीय उद्योग बाणिज्यसंघ लगायतका संस्थासंग सहकार्य गरिनेछ ।

२७. उपभोक्ता अधिकार र हितको संरक्षणका लागि उपलब्ध खाद्य तथा अन्य बस्तु र सेवाको गुणस्तरीयताको सुनिश्चित गर्न वजार अनुगमन सम्बन्धी नीति तथा मापदण्ड बनाई वजारको अनुगमन र नियमन गरिनेछ । साथै उत्पादक तथा कृषकको हितलाई ध्यानमा राखी कृषि उत्पादनको न्यूनतम समर्थन मूल्य निर्धारण गरिनेछ ।

२८. दिगो विकासको मुख्य आधार स्वच्छ खानेपानी र सरसफाईयुक्त व्यवहार भन्ने नारालाई सार्थक तुल्याउने गरी नगरपालिका भित्रका टोलबस्तीहरुमा स्वच्छ खानेपानी व्यवस्थापन गर्न नगरपालिका, प्रदेश सरकारको श्रोतलाई अधिकतम परिचालन गरिनेछ । पूर्ण सरसफाईको अभियानलाई सफल पार्न स्थानीय गैरसरकारी संस्था तथा सामाजिक संस्थाहरुसंग आपसी सहकार्य गरिनेछ ।

२९. नगरपालिकाको उपलब्ध श्रोत र साधनले कार्यान्वयन गर्न नसकिने वडाबाट शिफारिश भएका ठुला योजना, विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भएका योजनाहरु निर्माणका लागि विशेष अनुदान, समपुरक अनुदान परिचालन गरी सम्पन्न गर्न जोड दिइनेछ ।

३०. कृषि पेशालाई व्यवसायिक र आधुनिकीकरण गर्न कृषि पुर्वाधार विकास, कृषकहरुको क्षमता विकास गर्दै युवा रोजगारी सिर्जना गर्न र गरिवी निवारणमा योगदान पुग्ने गरी समावेशी आर्थिक विकासका लागि नगरपालिकाको श्रोत तथा बाह्य लगानी प्रेरित गरिनेछ । अत्तरिया कृषि वजारको व्यवस्थापनको जिम्मा लिई थप पूर्वाधार विकास गरिनेछ । कृषि र पशुपालनको लागि पकेट क्षेत्र निर्धारण गरी साझेदारी कार्यक्रम संचालन गरिनेछ । साथै कृषक परिचयपत्र वितरण गरी अभिलेखलाई व्यवस्थित गरिनेछ । पशु तथा बाली विमाका लागि कृषहरुलाई प्ररित गरी जोखिम न्यूनिकरणमा जोड दिइनेछ । स्वस्थकर मासुका लागि मासु जाँच र पशुबधशाला निर्माणका लागि पहल गरिनेछ ।

३१. सीमान्तकृत, बञ्चितिकरणमा परेका, फरक क्षमता भएका, ज्येष्ठ नागरिक, महिला, बालबालिका, एकल महिला, मजदुरहरुको आर्थिक सामाजिक विकास गर्दै सम्मानपूर्ण जीवनयापन गर्नपाउने बातावरण सिर्जना गरिनेछ । “आर्थिक समृद्धिका लागि महिला उद्यमशीलता” भन्ने नाराका साथ क्रियाकलापहरु संचालन गरिनेछ ।

३२. मुक्त कमैया, दलित, आदिबासी जनजाति, राना तथा चौधरी, HIV संक्रमित, विपन्न परिवारका सदस्यलाई रोजगार तथा अन्य आय आर्जनका कार्यक्रममा संलग्न गराई उनीहरुको आर्थिक विकासमा जोड दिइनेछ ।

३३. लैङ्गिक हिंसा, लैङ्गिक विभेद, छाउपडी, बोक्सी, छुवाछुत जस्ता कुरीति र कानुनले बर्जित गरेका कुप्रथाहरुको अन्त्य र मानव वेचविखन तथा ओसारपसारका विरुद्ध सामाजिक सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

३४. वेरोजगार महिला तथा युवाहरुलाई विभिन्न सीपमुलक तालिम मार्फत लघु उद्यमशिलताको विकास गरी स्वदेशमै स्वरोजगार र आयआर्जन गर्न सक्ने बातावरण सिर्जना गरिनेछ । दलित समुदायहरुले अपनाउदै आएको परम्परागत पेशा, सीप, व्यवसाय र कलालाई आधुनिकीकरण गर्न प्रेरित गरिनेछ ।

३५. भुउपयोग योजना सहितको दीर्घकालिन एकीकृत शहरी विकास गुरुयोजना तर्जुमा गरीनेछ । एकीकृत बस्ती विकास र गोदावरी नगरक्षेत्र भित्र एउटा औद्योगिक क्षेत्र निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

३६. नगरपालिका क्षेत्रभित्र रहेका धार्मिक, पर्यटकीय स्थल, तालतलैया र सीमसार क्षेत्रको विकासको लागि गुरुयोजना तयार गरी सोको आधारमा योजनाहरु कार्यान्वयन गरिनेछ । लामिताल क्षेत्रको जग्गाको भोगाधिकार लिई विस्तृत परियोजना प्रतिवेदन (DPR) अनुसारको पूर्वाधार विकासमा पहल गरिनेछ । आन्तरिक र बाह्य्य पर्यटन प्रबर्द्धनका लागि विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।

३७. विपद् जोखिम न्यूनिकरण, जलबायु परिवर्तनको असर न्यूनिकरण तथा जैविक विविधता संरक्षणका लागि दीर्घकालिन योजना बनाई कार्यान्वयन गर्न पहल गरिनेछ । नदी नियन्त्रण गुरुयोजना बमोजिम प्राथमिकताका साथ नदी नियन्त्रणका कामलाई अगाडी बढाइनेछ । विपद् जोखिम न्यूनीकरणका लागि समुदायमा आधारित कार्यक्रम संचालन गरिनेछ ।

३८. सामुदायिक बनबाट सदस्यहरु र अन्य लाभग्राहीले बढी भन्दा बढी लाभ पाउने गरी साझेदारीमा कार्यक्रम संचालन गरिनेछ । साथै सामुदायिक बन भित्र जडीबुटी खेती, फलफुल खेती लगाई सदस्यहरुको आयआर्जनमा योगदान पुग्ने क्रियाकलाप संचालन गर्न प्रोत्साहन गरिनेछ । बन विनाश तथा अतिक्रमण रोकी बातावरण संरक्षणमा जोड दिइनेछ ।

३९. गैर सरकारी संस्था र सामाजिक संस्थाहरुको नियमनका लागि कार्यविधि बनाई कार्यान्वयन गरिनेछ । गैरसरकारी संस्थाहरुबाट संचालित क्रियाकलापको निश्चित सुचक र मापदण्ड बनाई कडाइका साथ अनुगमन गरिनेछ । संस्थाहरुको कार्यक्षमता र विज्ञताको आधारमा एकद्धार प्रणाली अपनाई साझेदारीमा क्रियाकलापहरु संचालन गर्न प्रोत्साहन गरिनेछ ।

४०. माथि उल्लिखित नीतिहरु र अन्य क्षेत्रगत विकास नीतिहरुको प्रभावकारी कार्यान्वयनमा सघाउ पुग्ने गरी नगरपालिकालाई प्राप्त समानीकरण अनुदान, राजश्व बाँडफाँडको रकम, प्रदेश सरकारबाट प्राप्त हुने अनुदान र आन्तरिक श्रोतको रकमबाट नगरपालिकाको दीगो र सन्तुलित विकास हुनेगरी वजेट, योजना र कार्यक्रम सहितको आय-व्ययको अनुमान नगरसभा समक्ष पेश गरिनेछ ।

## २.क्षेत्रगत विकास कार्यनीति

गोदावरी नगरपालिकामा योजनावद्ध विकास प्रयास शुरु भएको तीन वर्ष पुगेको छ । गोदावरी नगरपालिकामा योजनावद्ध विकासको क्रममा हाल सम्म दुई वटा वार्षिक योजना कार्यान्वयन भई सकेका छन भने तेस्रो वार्षिक योजना हाल कार्यान्वयनमा आएको छ ।

विगतमा तर्जुमा गरिएका योजनाहरुको कार्यान्वयनवाट भौतिक पूर्वाधार एवं सामाजिक पूर्वाधार क्षेत्रमा केही प्रगति भएता पनि अधिकांस जनताको जीवनस्तरमा अपेक्षाकृत विकास हुन सकेन । त्यसैले आगामी आ.व. २०७५।०७६ को वार्षिक योजनामा रोजगारी उन्मुख कार्यक्रम र सामाजिक विकासको माध्यमवाट नगरको आर्थिक सामाजिक रुपान्तरणको गतिलाई तीव्रता प्रदान गर्ने सोच राखेर गोदावरी नगरपालिकाले जनप्रतिनिधि, विषयगत शाखा प्रमुख र अन्य सरोकारवालहरुसंग परामर्श तथा छलफल गरी क्षेत्रगत विकास नीति निर्धारण गरेको छ ।

उपरोक्त क्षेत्रगत नीति निर्धारणमा कृषि उत्पादकत्व अभिवृद्धि गर्ने, शिक्षा तथा स्वस्थ्यको पहुँच तथा गुणस्तर सुधार गर्ने, सशासनको प्रत्यभूतिगर्ने, मानव अधिकार संरुक्षण गर्ने, यातायात तथा अन्य स्थानीय पूर्वाधारहरुको व्यापक

विकास गर्ने, पर्यटन प्रवर्द्धन द्वारा स्थानीय अर्थतन्त्रलाई गतिशील बनाउने, साना तथा मझौला औधोगिकरण द्वारा आत्म निर्भर बढाउने, प्राकृतिक स्रोत साधनहरु उपयोग गर्दा वातावरणमैत्री कार्य पद्धति र व्यवहारमा ध्यान दिने जस्ता विषयहरुलाई आगामी वार्षिक योजनामा (२०७५।०७६) प्राथमिकता साथ समेटन देहायका क्षेत्रगत विकास नीतिहरु निर्माण गरिएको छ ।

### २.१.१कृषि,सहकारी तथा पशुपन्छि

- नगर क्षेत्रमा कृषि वस्तु उत्पादन अभिवृद्धि गर्न कृषिजन्य वस्तुहरूको व्यावसायिक उत्पादन क्षेत्रमा उपयुक्त र दिगो सिँचाइ सुविधालगायतका आवश्यक पूर्वाधारको पहुँच बढाइनेछ ।

- खेतीयोग्य जग्गालाई बाँझो राख्ने प्रवृत्ति निरुत्साहित गर्दै बाँझो रहेका कृषि भूमिको दिगोउपयोगका लागि उपयुक्त योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

- खाद्य तथा अन्य कृषि उत्पादनमा आत्मनिर्भरताका लागि उत्पादनका पकेट, ब्लकतथा जोन विकास गरी सघन व्यवसायिक खेती प्रणाली अघि बढाइनेछ ।

- कृषिमा आधारित साना उद्योगहरू, सेवा तथा ग्रामीण कृषि पर्यटनको विकासमा युवा तथा कृषक उद्यमीहरूलाई आकर्षित गरिनेछ ।

- पशुपन्छीको नस्लसुधार, पौष्टिक दाना आहाराको व्यवस्था, पशुपन्छी स्वास्थ्य सेवा एवम् उत्पादित पशुजन्य पदार्थको बजारीकरणका कार्यलाई अगाडिबढाई एकीकृत रूपमा सेवा प्रदान गर्ने गरी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

- गाई, भैँसी, बङ्गुर र बाखाको कृत्रिम गर्भाधान कार्यक्रमलाई प्रभावकारी बनाई उन्नत नस्लकापशुहरूको सङ्ख्यामा वृद्धि गरिनेछ ।

- प्रत्येक वडामा एकजना पशुसेवा प्राविधिकको व्यवस्था गरी पशुपन्छी सेवामा कृषकको पहुँच विस्तार गरिनेछ ।

- नगरको विविध भौगोलिक तथा पारिस्थितिकीय प्रणाली र आर्थिक सामाजिक विकासको गति हेरी सम्भाव्यता र जनचाहना बमोजिम‘पशुपन्छी विशेष उत्पादन क्षेत्र’ तोकी त्यस्ता क्षेत्रमा आवश्यक पूर्वाधारको विकास गरी उन्नत नस्ल, पशु आहारा, पशु सेवा, पशु स्वास्थ्य, सुलभ ऋृण, बिमासहितको प्राविधिक सेवा प्रदान गरिनेछ ।

- पशुपन्छी पालक साना कृषक, कमलरी, मुक्त कमैया, हलिया तथा भूमिहीन विपन्न किसानलाई पशुपन्छी पालन तथा पशुपन्छीजन्य व्यवसायमा प्रेरित गरी आत्मनिर्भर हुने कार्यक्रम सञ्चालनगरिनेछ ।
- सहकारी संस्थालाई कृषि, पर्यटन, उद्योग, ऊर्जाजस्ता प्रत्यक्ष उत्पादनशील क्षेत्रमा परिचालन गरिनेछ ।

- सहकारी संस्थाहरूको व्यवस्थापनमा दक्षता अभिवृद्धि गर्न तालिमको व्यवस्था गरिनेछ ।
- सहकारीमैत्री कर प्रणालीको विकास गरिनेछ ।
- सहकारीमा आबद्ध विपन्न महिला, सीमान्तकृत गरिब, अपाङ्गता भएका व्यक्ति, भूमिहीन तथा पिछडिएकोसमुदाय र श्रमिकलाई स्वरोजगारमूलक उद्योग तथा व्यवसाय स्थापना गर्न आवश्यक पर्ने पुँजी र सीपमूलकतालिम उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

### २.१.२ सिँचाई तथा प्रकोप व्यवस्थापन

- भूमिगत सिँचाइ सम्भाव्य भएका स्थानहरूमा स्यालो तथा डिप ट्युवेलका कार्यक्रमहरू प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

- जलस्रोतको अभाव भएका र सुख्खा खडेरीको प्रकोप बढी हुने स्थानमा आकाशे पानी सङ्कलनलगायत खुला र प्लास्टिक पोखरी व्यवस्थापनका साथै नगर क्षेत्रमा रहेका तालतलैयाको सुदृढीकरण गरी उपयुक्त सिँचाइ सुविधा पुऱ्याइनेछ ।

### २.१.३ जल उत्पन्न प्रकोप व्यवस्थापन

- नदी विशेष नियन्त्रण तथा व्यवस्थापन गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ ।

- स्थानीय स्तरमा उपलब्ध स्रोतसाधनको प्रयोग गरी प्रकोप न्यूनीकरण तथा राहत वितरण कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

- नदीहरूमा हुने डुबान तथा कटानको समस्या न्यूनीकरण गरिनेछ ।

### २.१.४ खाद्यसुरक्षा तथा खाद्य पोषण

- खाद्य वस्तुको स्वच्छता तथा गुणस्तर सुनिश्चित गर्न नियमन कार्य प्रभावकारी बनाइनेछ ।

- सीमान्तकृत तथा खाद्य असुरक्षाको जोखिममा रहेका घरपरिवारलाई समूह, सहकारीमा आबद्ध गराई करार खेती गर्न प्रोत्साहन गरिनेछ ।

- खाद्य पहुँच विस्तारका लागि स्थानीय तहमा रोजगारी वृद्धि, नगदे बालीको बिक्री, धानलगायत प्रमुख खाद्यबालीको मूल्य निर्धारणलाईव्यवस्थित गरिनेछ ।

- खाद्यान्नमा समाजका गरिब र विपन्न परिवारको पहुँच बढाउन प्रभावकारी सार्वजनिक वितरण प्रणालीको स्थापना गरिनेछ ।

### २.१.५ वन तथा भू संरक्षण

- नगर र नगर वरिपरि रहेका वन, हरियाली, सिमसार, पानीका मुहान, खाली क्षेत्र, नदीतटको
- उचित व्यवस्थापन गरिनेछ ।
- निजी तथा सार्वजनिक जग्गाहरूमा वृक्षारोपण गरी वन क्षेत्रको विस्तार र वनपैदावारकोआपूर्तिमा सहज हुने कार्यक्रम सञ्चालन गरिनेछ ।

- विपन्नमुखी आयमूलक, रोजगारमूलक तथा जीविकोपार्जन सुधारसम्बन्धी कार्यक्रमहरू सबै वनव्यवस्थापन प्रणालीमा कार्यान्वयन  गरिनेछ ।

- सरकारी, सामुदायिक तथा निजी क्षेत्रबाट उत्पादन हुने वन पैदावारहरूको बिक्री वितरण तथा वनस्रोतमा आधारित व्यवसायलाई सहज बनाउन कानुनी र नीतिगत सुधार गरिनेछ ।

### २.१.५ उद्योग, वाणिज्य र पर्यटन

- एक वडा एक विशेष उत्पादन’सम्बन्धी कार्यक्रमलाई कार्यान्वयन गरिनेछ ।
- स्वस्थ व्यापार व्यवसायको अभिवृद्धिको लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

- नगर पर्यटन गुरु योजना तयार गरी नगर क्षेत्र भित्रका पर्यटकीय स्थालहरुको व्यवस्थापन गरिने छ ।
- प्रमुख पर्यटकीय स्थलहरूसम्म सहज पहुँच बनाउन पर्यटन पदमार्गमार्फत एकीकृत पर्यटकीय र मनोरञ्जन स्थल निर्माण तथा सञ्चालनमा निजी क्षेत्रको लगानी प्रोत्साहन गरिनेछ ।
- पर्यटन पूर्वाधार विकासमा स्थानीय निकाय, स्थानीय समुदाय तथा निजी क्षेत्रको नेतृत्वदायी भूमिका र सहभागितालाई प्रोत्साहित गरिनेछ ।
- पर्या-पर्यटन तथा कृषि पर्यटनलाई प्रवर्द्धन गरी पर्यटन क्षेत्रलाई थप वातावरणमैत्रीबनाइनेछ ।
- नाइलताल, भत्काताल,गोलादेउ लगायतलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरिने छ ।

### २.१.६ सामाजिक तथा सास्कृतिक विकास

- सानो र गुणस्तरीय परिवारलाई प्रवर्द्धन गर्न जनसङ्ख्या, प्रजनन स्वास्थ्य र शिशु तथा बाल स्वास्थ्यसम्बन्धी जनचेतना अभिवृद्धि गरिनेछ ।
- परिवार नियोजनका साधनको प्रयोग, प्रजनन स्वास्थ्य र शिशु तथा बाल स्वास्थ्यसम्बन्धी कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालनगरिनेछ ।
- धार्मिक, सांस्कृतिक, ऐतिहासिक एवम् पुरातात्विक महइभ्वका सम्पदास्थलहरूको दिगो विकास एवम् व्यवस्थापनका लागि गुरुयोजना बनाई कार्यान्वयन गर्दै लगिनेछ ।

### २.१.८ शिक्षा, खेलकुद र युवा विकास सम्बन्धी

- सामुदायिक विधालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत संभार, संचालन र व्यवस्थापनमा प्रभावकारी रुपमा व्यवस्था मिलाईने छ ।
- विद्यार्थी सिकाई उपलब्धीको परिक्षण र व्यवस्थापन गरिने छ ।
- शिक्षक तथा प्रधानाध्यापकको कार्य सम्पादन मुल्यांकनमा विधार्थीको सिकाई उपलब्धिलाई महत्वपूर्ण आधार बनाउने नीति लिईने छ ।
- शिक्षण सिकाइ,शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास सम्बन्धी कार्यकमहरु संचालन गरिने छ ।
- नगर भित्रका उत्कृष्ट आधारभुत र माध्यमिक विधालय र शिक्षकलाई पुरुष्कृत तथा सम्मान गर्ने नीति लिईने छ ।
- पूर्व बालविकास शिक्षा (ई.सि.डि.) कार्यकमलाई विस्तार गरिने छ ।
- सामुदायिक विधालयवाट कक्षा १२ उत्तिर्ण गर्ने विपन्न वालिकाहरुलाई अध्ययन सहजताका लागि विशेष प्रोत्साहन गरिने छ ।
- खेलकुद विकासको लागि नगरपालिका स्तरीय फुटवल,भलिवल,व्याटमिन्टन र किकेट लगायतका प्रतियोगिताको आयोजना गर्ने लगायत खेलकुद सामाग्रीहरु विधालयहरुलाई उपलब्ध गराईने छ ।
- नगर क्षेत्र भित्र खेल मैदानको निर्माण र स्तर उन्नतीको कार्य गरिने छ ।
- नगर क्षेत्र भित्रका स्थानीय टोल विकास समितिहरु र युवा क्लवहरुलाई प्रोत्साहन र प्रवर्द्धन गरिने छ ।

### २.१.९ खानेपानी तथा सरसफाइ

- 'एक घर एक शौचालय' को व्यवस्थालाई कार्यान्वयनमा ल्याइनेछ ।
- सार्वजनिक स्थल, संस्था र मानिसको आवागमन बढी हुने स्थानहरूमा सार्वजनिक शौचालय निर्माण गरिनेछ ।
- नगर क्षेत्रको सुख्खा ग्रस्त क्षेत्रमा घर-घरमा वर्षात्को पानी सङ्कलन र प्रयोगको लागि कार्यक्रम ल्याइनेछ ।
- फोहर व्यवस्थमपन कार्यलाई नगरपालिका मार्फत ल्याई स्थानीय सामुदायिक संस्था, टोल विकास संस्थासंगको साझेदारीमा फोहरमैलाको उचित व्यवस्थापन गरिने छ ।

### २.१.१० वालवालिका तथा किशोर किशोरी

- गर्भावस्थामा आमा र शिशुको सुरक्षाका लागि पोषण कार्यक्रम सञ्चालन गरिनेछ।
- बालमैत्री स्थानीय शासन प्रणाली लाई अवलक्वन गरिने छ।
- गर्भावस्थादेखि जन्मपश्चात् उपलब्ध गराइने खोप, भिटामिन ए, पोलियोजस्ता आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तार गरिनेछ।
- बालबालिकाको लागि निःशुल्क रूपमा उपलब्ध गराइने स्वास्थ्य सुविधाको विस्तार र गुणस्तरमा वृद्धि गरिनेछ।
- एचआईभी एड्स सङ्क्रमित बालबालिका तथा किशोरकिशोरीको स्वास्थ्य सेवामा सहज पहुँच बनाइनेछ।
- बेचबिखन, बालश्रमलगायत अन्य हिंसामा परेका बालबालिका तथा किशोरकिशोरीका लागि
- राहत, पुनर्स्थापना, पारिवारिक पुनर्मिलन र कानुनी तथा मनोवैज्ञानिक परामर्श सेवाका
- कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- बालविवाह, चाँडो हुने विवाह र जबरजस्ती विवाह विरूद्ध सामाजिक जागरण ल्याउन सचेतनामूलक कार्यक्रमलाई समुदाय स्तरसम्म विस्तार गरिनेछ।
- बालविवाह, चाँडो हुने विवाह र जबरजस्ती विवाह विरूद्ध सामाजिक जागरण ल्याउन सचेतनामूलक कार्यक्रमलाई समुदाय स्तरसम्म विस्तार गरिनेछ।

### २.१.११ धर्म, संस्कृति र कला संरक्षण

- नगरपालिका क्षेत्र भित्रका प्राकृतिक,सास्कृतिक,ऐतिहासिक सम्पदाहरुको संरक्षण,सम्वर्द्धन, विस्तार र सदुपयोग गरिने छ।
- नगर क्षेत्रभित्रका प्रचलनमा रहेका सवै जातजातिहरुको चाँडपर्व,भाषा,कला,धर्म र संस्कृतिको संरषण तथा सम्पर्द्धन गरिने नीति लिईने छ।
- लामितालको संरक्षण र पर्यटन विकासका लागि प्राथमिकताका साथ योजना संचालन गरिने छ।

### २.१.१२ स्वास्थ्य

- नगर क्षेत्रमा शहरी स्वस्थ्य क्लिनिक प्रभावकारी रुपमा संचालमा ल्याईने छ।
- स्वस्थ्य चौकी र प्राथमिक स्वस्थ्य केन्द्रवाट दिईने सेवालाई आधुनिक र सेवग्राहीमैत्री बनाईने छ।
- नगरको दुर्गम क्षेत्र भित्र विषय विज्ञ डाक्टर सहितको घुम्ति स्वास्थ्य सेवा संचालन गरिने छ।
- दिर्घकालिन रोगहरुको उपचारमा आर्थिक सहयोग उपलब्ध गराउने नीति लिईने छ।
- स्वास्थ्य विमाका लागि नगरवासीहरुलाई प्रेरित गरिने छ।
- वाल तथा मातृ मृत्यु दर घटाउन महिला तथा वालवालिकाको पोषण अवस्था सुधार गर्न विशेष कार्यक्मरहरु संचालन गरिने छ।
- नगरको समुदायस्तरमा स्वास्थ्य सम्वन्धी जन चेतनामूलक तालिमहरु संचालन गरिने छ।
- जेष्ठ नागरिक,असहाय बालबालिका, एकल महिला तथा विपन्न महिला तथा विपन्न परिवारका सदस्यहरुलाई स्वास्थ्य सेवामा पहुँच पुर्‍याउने नीति लिईने छ।
- स्थानीयस्तरमा औषधिजन्य बनस्पति, जडीबुटी र अन्य औषधिजन्य बस्तुको उत्पादन, प्रशोधन र वितरणमा प्रोत्साहन गरिने छ।
- सुर्ति,मदिरा र लागू पदार्थजन्य बस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिबृद्धि सम्वन्धी कार्यक्मरहरु संचालन गरिने छ।

### २.१.१३ भौतिक पूर्वाधार विकास र यातायात

- सडक,ढल निकास, विद्युतिकरण योजनामा स्थानीय जनताको कम्तिमा १० प्रतिशत लागत सहभागिता अनिवार्य गर्ने नीति लिईने छ ।
- राष्ट्रिय मापदण्ड अनुसार सडकको क्षेत्र निर्धारण गरी नगर क्षेत्र भित्रका सडकहरुको क्रमश: कालोपत्रे र स्तरीय ग्राभेल गरी स्तरोन्नती गरिने छ ।
- नगरपालिकाको सबै वडाहरुलाई समेटीने गरी चक्रपथ निर्माण गर्न सम्भाव्यता अध्ययन गरिने छ ।
- नगरपालिका क्षेत्र भित्र पर्ने खोला,नाला तथा खोल्साहरुमा पुल, पुलेसा र झोलुङ्गे पुल लगायत ह्युम पाईपको व्यवस्था गरी आवत जावत लाई सहज बनाईनेछ ।
- नगरपालिकाको मुख्य सडक ,गल्ली तथा चोकहरुमा सोलार बत्तिको व्यवस्था मिलाईनेछ ।
- मर्मत संभार कोष खडा गरी निर्मित पूर्वाधारहरुको मर्मत संभार गरिनेछ ।
- अत्तरिया वसपार्क लाई नगरपालिकाको मातहत ल्याई आधुनिक रुपमा व्यवस्थित गरिने छ ।
- सडकको दायाँबायाँ हरियाली कायम गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।
- यातायात सरक्षाको व्यवस्थापन र नियमन गरिने छ ।
- नगर क्षेत्रभित्रका सडकहरुको चौडाई कम्तिमा २० फिट र वढीमा ४५ फिट गरिने नीति लिईनेछ ।
- यातायात क्षेत्रमा संलग्न जनशक्तिको क्षमता विकास एवम् अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- सवारी दुर्घटना न्यूनीकरण तथा सेवाको गुणस्तर सुधार गर्न सवारी अनुगमनलाई प्रभावकारी बनाइनेछ ।
- सार्वजनिक यातायात प्रवर्द्धन गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रसँग सहकार्य गरिनेछ ।

### २.१.१४ सूचना तथा सञ्चार

- नगर क्षेत्रका ऐतिहासिक महत्वका वस्तु र सेवाहरूलाई डिजिटल अर्काइभमा सुरक्षित गरिनेछ ।
- सूचना र संचारको क्षेत्रमा क्रियाशिल स्थानीय रेडियो, पत्रपत्रिकाको संस्थगत विकासमा आवश्यक सहयोग गर्ने नीति लिईनेछ ।
- सूचना र संचारमा सबै नगरवासीहरुको पहुँच पुर्याउन नगरपालिका भित्रका शैक्षिक संस्था,वडा कार्यालयभवन,स्वस्थय चौकी, हुलाक कार्यालय लगाय अन्य सार्वजनिक सेवा केन्द्रहरुलाई सूचना प्रविधिमैत्री बनईनेछ ।
- नगरपालिकाले संचालन गरेका स्थानीय विकासका क्रियाकलाप तथा गतिविधिलाई स्थानीय पत्रपत्रिका तथा रेडियो संचारका माध्यमवाट नियमित रुपमा सार्वजनिक गर्ने व्यवस्था मिलाईनेछ ।
- पूर्ण प्रेस स्वतन्त्रताको सम्मान गर्दै आमसञ्चार माध्यमहरूलाई मर्यादित, जिम्मेवार र उत्तरदायी बनाउने ।

### २.१.१५ भवन तथा आवास

- द्वन्द्व पीडित, अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठ नागरिक, सडक बालबालिकालगायत जोखिममा रहेका व्यक्तिहरूका लागि विशेष सामाजिक आवासको विकास गरिनेछ ।
- सार्वजनिक र निजी भवन निर्माण गर्दा राष्ट्रिय भवन संहिताको कार्यान्वयनमा जोड दिइनेछ । (२)
- स्थानीय प्रविधि र उपलब्ध निर्माण सामग्रीहरूको प्रयोगलाई प्राथमिकता दिई प्रचलित भवन डिजाइन र प्रविधिको लागि आवश्यक मापदण्डको विकास गरिनेछ ।
- सुरक्षित आवास एवम् भवन निर्माणका लागि सिकर्मी तथा डकर्मी तालिमका साथै जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- समुदायको क्षमता अभिवृद्धि गरी भूकम्पलगायतका प्रकोपबाट हुने जीउधनको नोक्सानी तथा जोखिम न्यूनीकरण गर्न तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

### २.१.१६ विपद व्यवस्थापन

- विपद् व्यवस्थापनलाई दिगो बनाउन विभिन्न प्रकारका प्रकोपका विषयमा अध्ययन तथा अनुसन्धान गरिनेछ ।

- बस्ती/समुदाय स्तरसम्म विपद् पूर्वतयारी तथा प्रतिकार्य क्षमता विकास व्यवस्थापन गरी विपद् जोखिम न्यूनीकरण तथा अल्पीकरण
- गर्नका लागि नगरपालिकाको वडा तहसम्म जनसचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

**२.१.१७सुशासन तथा सेवा प्रवाह**

- नगरपालिकाको सबै वडा कार्यालयहरुमा नागरिक वडापत्रको व्यवस्था गरिनेछ।
- योजना तर्जुमा र कार्यान्वयनमा जनताको अधिकतम सहभागिता गराउने नीति लिईनेछ।
- नगरपालिका वाट संचालित स्थानीय विकासका कार्यक्रमहरु र गतिविधिलाई आम संचारको माध्यमवमट सार्वजनिक गर्ने नीति लिईनेछ।
- नगरपालिकावाट संचालित योजनाहरुको सामाजिक तथा सावजनिक परिक्षण गरेर मात्र भुक्तानी गर्ने नीति लिईनेछ।
- चौमासिक तथा बार्षिक रुपमा सार्वजनिक सुनवाई गर्ने नीति लिईनेछ।
- नगरपलिकाको कार्यालय र वडा कार्यालयहरुमा नागगरिक सहायता काक्षको स्थापना गरिनेछ।
- गुनासो सुनुवाई संयन्त्रको व्यवस्था गर्ने नीति लिईनेछ।
- उपभोक्ता समितिहरुको लेखा तथा अभिलेख प्रणलीलाई चुस्त दुरुस्त बनाउने नीति लिईनेछ।
- ई-गर्भनेन्सको अवधारणालाई आत्मसाथ गरिनेछ।

**२.१.१८ जनशक्ति व्यवस्थापन र संस्थागत क्षमता विकास**

- नगर सभवाट स्वीकृत दरवन्दी अनुसारका पदहरुमा पदपूर्ति समिति मार्फत खुल्ला प्रतिस्पर्धात्मक परिक्ष पद्धतिवाट पदपूर्ति गरिनेछ।
- नगरपालिका र वडा कार्यालयहरुको संगठन संरचना र व्यवस्थापन सर्भेक्षण (O & M) गरी संगठन संरचना लागु गरिनेछ।
- नगरपालिकाको विशेष कोषहरुको कार्यविधि तयार गरि लागु गरिनेछ।
- जन निर्वाचित प्रतिनिधि,कर्मचारीहरु र उपभोक्ता समितिहरुको क्षमता विकास समबन्धी कार्यक्रमहरु संचालन गरिनेछ।
- नगरपालिका क्षेत्रको Urban Base Map, Metric Addresing System, Socio Economic Census, Tematic Resource Map, Minicipal GIS Data base and Cadastral Land Parcel Digital Dataतयार गरिनेछ।

**२.१.१९ स्थानीय अभिलेख व्यवस्थापन**

- नगरपालिकाको क्षेत्र भित्र सम्पन्न भएका तथा चालु योजनाको विवरण र त्यस्तो योजनाको सम्पतिको अद्यावधिक र अभिलेखन कार्य गर्ने नीति लिईनेछ।
- स्थानीय अभिलेख व्यवस्थापनमा नविनतम सूचना प्रविसधको उपयोग गरिनेछ।
- अपाङ्ग व्यक्ति, बालश्रमिक, सडक बालबालिका, एकल महिला, हिंसा पिडित महिला, अल्पसंख्यक जाति र दन्द्ध पिडितको अभिलेख तयार गरिनेछ।
- नगरपालिका भित्र रहेका वेरोजगारहरुको तथ्यांक संकलनको कार्य गरिनेछ।
- जन्म, मृत्यु,विवाह, सम्वन्ध विच्छेद, वसाई सराई दर्ता र परिवारिक लगतको अभिलेख तथा पञ्जिकरण व्यवस्थापन गरिनेछ।
- सामाजिक सुरुक्षा र गरिबि निवारण
- लक्षित समूह सम्बन्धी योजना, कार्यक्रम,श्रोत परिचालन र व्यवस्थापनका कार्यहरु प्रभावकारी रुपले संचालन गरिनेछ।

- गरिब घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण,सूचना व्यवस्थापन र नियमनका कार्यहरु गरिनेछन ।
- स्थानीय सामाजिक सुरक्षा योजना र व्यवस्थापन सम्बन्धी नीति लागु गरिनेछ ।

**२.१.२० राजस्व र वित्तिय व्यवस्थापन**

- नगरपालिका क्षेत्रभित्र करको दायरामा नआएका कर दाताहरुलाई करको दायरामा ल्याउन वडाध्यक्षको संयोजकत्वमा प्रत्येक वडामा एक कर परिचालन समिति बनाई परिचालन गरिनेछ ।
- गोदावरी नगरपालिका भित्र ऐलानी प्रति जग्गामा बनेका घरहरुको अभिलेख राखी त्यस्त घरहरुवाट बहाल विरौटी शुल्क लिईनेछ ।
- कर प्रणालीलाई स्वेच्छिक कर बुझाउने परिपाटीको विकास गरिनेछ ।
- लगानी मैत्री कर नीति अवलम्वन गरिनेछ ।
- नतीजामा आधारित खर्च व्यवस्थापन तथा बजेट पद्धतिको विकास गरिनेछ ।
- आर्थिक हरहिसाबलाई दोहोरो लेखा प्रणाली अनुरुप यथार्थपरक लेखा व्यवस्थापन गरिनेछ ।
- कर अभियान तथा राजस्व प्रवर्द्धनात्मक कार्यक्रमहरु प्रभावकारी रुपले संचालन गरिनेछ ।
- नगर क्षेत्र भित्रका सवै करदाताहरुको विवरणलाई डिजिटलाईज्ड गरी अद्यावधिक गरिनेछ ।
- सबै भन्दा वढी कर तिर्ने करदातालाई प्रत्येक वर्ष सममान गर्ने नीति लिईनेछ ।
- अगामी आ.व. देखि नदीजन्य तथा प्राकृतिक स्रोतहरुको विक्री, निकासीमा नगरपालिका आफैले ठेक्कापट्टा गरी साजस्व संकलन गर्ने व्यवस्था मिलाउनेछ ।
- विकास आयोजनाहरूको ठेक्कापट्टा निर्धारित समयभित्रै गर्ने तथा विद्युतीय बोलपत्र (E-bidding) को दायरालाई विस्तार गरिनेछ ।

**२.१.२१ महिला, जेष्ठ नागरिक, अपाङ्ग भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन**

- महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण तथा विभेद र बहिष्करण विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरी तिनको रोकथाम एवम् नियन्त्रणका लागि कानुनी उपचार प्रणालीलाई सहज, छिटो र सबैको लागि पहुँचयोग्य बनाइनेछ ।
- यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूप्रति सामाजिक विभेद तथा भ्रम हटाउन सरोकार संस्थाकै सहभागितामा पैरबी र प्रचारप्रसार गरिनेछ ।
- वादी, कमलरी, कमैया लगायत वञ्चितिमा परेका सबै समुदायका महिलातथा किशोरीहरूका लागि लक्षित आर्थिक-सामाजिक विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ । (३)
- लैङ्गिक हिंसाका नयाँ स्वरूपहरूको अध्ययन अनुसन्धानको थालनी तथा लैङ्गिक हिंसामुक्त नगर घोषणा गर्नको लागि सूचकहरूको विकास गरिनेछ ।
- लैङ्गिक समानता तथा सशक्तीकरणको लागि प्रभावकारी सूचना व्यवस्थापन प्रणालीको विकास गरिनेछ ।
- लैङ्गिक हिंसासम्बन्धी कार्यलाई समाजमा नै दबाबपूर्वक मिलाउने पद्धतिलाई निरुत्साहितगर्न सामुदायिक संस्थाहरूको परिचालन गरिनेछ ।
- जेष्ठ नागरिक, अपाङ्गाता भएकका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा आवश्यक सुविधाको व्यवस्थापन गरिनेछ ।
- सामाजिक सुरक्षा भत्तालाई आगामी वर्ष(२०७५।०७६) देखि घर तथा बस्तीमा पसगेर वितरण गर्ने व्यवस्था मिलाउन सम्बन्धीत वडा कार्यालयहरलाई जिम्मेवारी दिईनेछ ।

**२.१.२२ प्रभावकारी कानूनि व्यवस्था र नागरिक सुरक्षा**

- न्यायिक समिति मार्फत छिटो छरितो न्याय दिनका लागि आवश्यक र श्रोत र साधनको व्यवस्था गरिनेछ ।
- गरिव,असहाय तथा पिछिडिएका व्यक्तिहरुको न्यायमा सहज पुर्‍याउन नि:शुल्क कानूनि परामर्शको व्यवस्था गरिनेछ ।
- अनावश्यक रुपमा मुद्दा मामिला गर्ने प्रवृतिलाई निरुत्साहत गरिनेछ ।

- नगर क्षेत्रको मुख्य -मुख्य बजार क्षेत्र र संवेदनशील स्थानहरुमा सौर्य वत्ति लगायत cctv जडान गरिनेछ ।
- लागुऔषध, जुवातास नियन्त्रणका साथै शहरी सुरक्षालाई विशेष प्राथमिकतामा राखिनेछ ।
- सामाजिक सुरक्षा सम्बन्धी स्थानीय नीति,कानून,मापदण्ड, नियमन र अध्ययन अनुसन्धान गरिनेछ ।

### २.१.२३ बेराजगार तथ्यांक संकलन

- रोजगार तथा बेरोजगार श्रमशक्तिको तथ्यांक संकलन, प्रशोधन र सूचना प्रणालकिो स्थापना गरिनेछ ।
- वैदेशिक रोजगारीमा जाने श्रमशक्तिको लागि वित्तिय साक्षरता र सीपमूलक तालिमको सञ्चालन गरिनेछ।
- बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको सामाजिक पुनः एकीकरणका कार्यहरु गरिनेछन ।

### २.१.२४ सकुम्वासी व्यवस्थापन

- सुकुम्वासीको पहिचान र अभिलेख व्यवस्थापनको कार्य गरिनेछ ।
- नगर क्षेत्रभित्र रहेका सुकुम्वासीहरु लाई जीविकोपार्जन र बसोबास व्यवस्थापन मिलाईनेछ ।

### २.१.२५ भू-उपयोग र बस्ती विकास योजना

- नगरपालिकाको भौगोलिक नक्सांकन गरी  कृषि योग्य भुमि, बन क्षेत्र, औद्यौगिक क्षेत्र, बजार क्षेत्र र बस्ती क्षेत्र सहितको भू उपयोग नीति अपनाईने छ ।
- उर्वर भुमिलाई खण्डीकृत गरी जग्गा प्लटीङ्ग गर्ने कार्य निरुत्साहित गरिनेछ ।
- राष्ट्रिय भवन संहिता २०६० र भवन निर्माण सम्बन्धी मापदण्ड, २०७२ लागु गरी सोही बमोजिम घर नक्सा पास गरिनेछ ।
- नगरक्षेत्र भित्रको सार्वजनिक जग्गाहरुको अतिकमणलाइ रोकी उक्त स्थानमा पार्क, मनोरञ्जन स्थल निर्माणमा जोड दिईनेछ ।
- नगरपालिकाद्धारा भवन संहिता तालिम प्रदान गरिएका डकर्मीहरुलाई भवन निर्माण कार्यमा अनिवार्य रुपमा संलग्न गराउने नीतिलिईनेछ ।
- भवन निर्माण सम्बन्धी मापदण्ड पुरा नगरेका भवनहरुको अभिलेखिकरण गरी ाश्चित मापदण्डका आधारमा कानून सम्मत बनाउन प्रक्रिया अगाडी बढाईनेछ ।
- अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्न पहल गरिनेछ ।
- नगर क्षेत्रको नापी नक्सामा सडक भनि उल्लेख भएका सबै वाटाहरुलाई सडकको रुपमा खोल्ने प्रयासगरिनेछ ।

### २.१.२६ समावेशीकरण

- महिला, आदिवासी जनजाति, दलित, अल्पसङ्ख्यक, लोपोन्मुख जाति, पिछडा वर्गकोआर्थिक तथा सामाजिक विकासका लागि लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- नगरपालिकामा उपलब्ध स्रोतसाधनहरूमा महिला, आदिवासी जनजाति, दलित,  अल्पसङ्ख्यक, लोपोन्मुख जाति, पिछडा वर्गकको पहुँच बढाइनेछ ।